**FAQs (बारम्बार सोधिने प्रश्नहरू)**

## शीर्षक VI के हो?

नागरिक अधिकार ऐन 1964 को शीर्षक VI एक संघीय ऐन हो, जसले मानिसहरुलाई संघीय सहायताद्वारा चलाइने कार्यक्रमहरु, सेवाहरु, वा गतिविधिहरुमा नसल, वर्ण वा राष्ट्रिय मूलको आधारमा गरिने भेदभाव हुनबाट रोक्छ।

## शीर्षक VI अन्तर्गत को सुरक्षित रहेको छ?

क्यालट्रेनका सेवाहरु प्राप्त गर्ने राइडरहरू र ग्राहकहरू शीर्षक VI अन्तर्गत सुरक्षित रहेका छन्। क्यालट्रेन शीर्षक VI अन्तर्गत यसको नियामक आवश्यकताहरू पूरा गर्न र न्यून आय भएका, गोरो बाहेकका मानिसहरू र अंग्रेजी भाषाका सीमित ज्ञान भएका व्यक्तिहरूको लागि यसका सेवाहरू र गतिविधिहरूमा अर्थपूर्ण पहुँच प्राप्तिलाई सुनिश्चित गर्न प्रतिवद्ध रहेको छ। शीर्षक VI -ले यूनाइटेड स्टेट्सका सम्पूर्ण मानिसहरुलाई सुरक्षा प्रदान गर्छ, चाहे तिनीहरू यू.एस. -को नागरिक होस् वा नहोस्।

## शीर्षक VI ले क्यालट्रेन राइडरहरू र समुदायहरूलाई कसरी फाइदा गर्छ?

क्यालट्रेनले उसका ग्राहकहरूलाई उनीहरूको प्राथमिक भाषामा अर्थपूर्ण सहायता उपलब्ध गराउँछ। धेरै भाषाहरूमा सहायताको लागि अनुरोध गर्नका लागि ग्राहकहरूले 1-800-660-4287 मा कल अर्थात् फोन गर्न सक्छन्।

क्यालट्रेनको बैठकहरूमा भाषासम्बन्धी नि:शुल्क सहायता पनि उपलब्ध रहेको छ।

यदि व्याख्या वा लिखित सामग्रीको लागि अनुरोध गर्दै हुनुहुन्छ भने, कृपया कार्यक्रम हुनुभन्दा कम्तीमा पनि 72 घण्टा पहिले नै TitleVI@samtrans.com -सित सम्पर्क गर्नुहोस्।